# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

खण्ड : ९ | सङ्ख्या : ७ | मिति : २०८२ माघ ४

**नगर कार्यपालिकाबाट पारित मिति : २०८२ पुस ३०**

**प्रमाणीकरण मिति : २०८२ माघ ४**

## भाग-२

## सुन्दरहरैँचा नगरपालिकाको बालमैत्री आचारसंहिता, २०८२

बाल अधिकारसम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्धन गर्दै बालमैत्री स्थानीय शासन कायम गरी सुन्दरहरैँचा नगरपालिकालाई बालमैत्री नगर निर्माण गर्न तयार गरिएको यो आचारसंहिता सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०९/३० गतेको बैठकबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सुन्दरहरैँचा नगरपालिकाको बालमैत्री आचारसंहिता, २०८२

**प्रस्तावना :**

बालमैत्री स्थानीय शासन बाल अधिकारसम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्धन गरी स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९ को अवधारणा, नेपालको संविधानले गरेको व्यवस्था, बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रूपमा रहेका गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायका रूपमा स्थापित भइसकेका छन् । यसै सन्दर्भमा बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तर्भूत गर्दै कार्यान्वयनमा लैजानु उपयुक्त देखिन्छ। स्थानीय सरकारको नेतृत्वमा नेपाल सरकारद्वारा निर्दिष्ट गरेका सेवा सूचक र संस्थागत सूचक प्राप्तिका लागि गाउँघर, टोल समुदाय, सङ्घसंस्था तथा सरोकारवालाहरूका लागि आवश्यक आचारसंहिता तयार पारी बालमैत्री स्थानीय शासन प्रवर्धन, घोषणा तथा निरन्तरताका लागि कार्यान्वयन गरी सुन्दरहरैँचा नगरपालिकालाई बालमैत्री नगर निर्माण गर्न तयार गरिएको यो आचारसंहिता सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०९/३० गतेको बैठकबाट पारित गरी लागू गरिएको छ।

**१. अभिभावकहरूले पालना गर्नुपर्ने आचारसंहिता :**

- आफ्ना बालबालिकालाई मादकपदार्थ, लागूपदार्थ र सुर्तीजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न नगराउने ।
- आफ्ना बालबालिकालाई समय तालिकाअनुसार पढ्ने, लेख्ने, सुत्ने र मनोरञ्जन गर्ने वातावरण सिर्जना गर्ने ।
- आफ्ना बालबालिकालाई नियमित रूपमा विद्यालय पोशाकमा विद्यालय पठाउने ।
- बालबालिकाको चौतर्फी विकासमा सहयोग पुग्ने बाल क्लब एवम् बालबालिका आबद्ध भएको बैठकमा सहभागिता गराउने ।
- प्रत्येक घरमा बालबालिकामैत्री शौचालय र अन्य भौतिक पूर्वाधार निर्माण गर्ने र गर्न लगाउने।
- बालबालिकालाई घरायसी निर्णय प्रक्रियामा सहभागी गराई आफ्नो कुरा निर्धक्कसँग भन्ने वातावरण सिर्जना गर्ने।
- नियमित खोप लगाउनुका साथै पोषणयुक्त सन्तुलित भोजन आफ्ना नानीहरूलाई खुवाउने।
- कुनै पनि बालबालिकालाई बाल श्रमिकको रूपमा प्रयोग नगर्ने, नगराउने ।
- बालबालिकालाई बालअधिकार र बाल कर्तव्यका कुराहरू सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने ।
- आफ्ना बालबालिकालाई दुर्व्यवहार, अपहरण जस्ता कार्यहरूबाट बचाउनका लागि सदैव चनाखो रहने ।

- बालबालिकाको बालविवाह नगराउने र यस बारेमा आफ्ना बालबालिकालाई समेत सचेत गराउने।
- आफ्ना बालबालिकाको स्वास्थ्यमा ध्यान दिँदै नियमित सरसफाई गराउने ।
- बालबालिकाको जन्मदर्ता समयमै गराउने ।
- सार्वजनिक स्थानमा निर्माण हुने बाटो, पोखरी, खेल मैदान, पार्क, सार्वजनिक धारा, सामुदायिक भवनहरू आदि निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन पहल गर्ने ।
- विद्यालय तथा नगरपालिकाले आमन्त्रण गरेका बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा अनिवार्य र सक्रिय उपस्थिति जनाउने ।

**२. बालबालिकाले पालना गर्नुपर्ने आचारसंहिता :**

- धूम्रपान, सुर्तीजन्य र मादकपदार्थको प्रयोग तथा खरिद बिक्रीमा संलग्न नहुने।
- बालविवाहका लागि कुनै पनि अवस्थामा मञ्जुरी नहुने र हुन नदिने।
- विद्यालयले बनाएको नियमको पालना गर्दै उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिका नियमित रूपमा विद्यालय पोशाकमा विद्यालय जाने ।
- बाल क्लबहरूमा सक्रिय सहभागिता जनाउँदै कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने, गराउन नदिने ।
- आफूले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्ने साथै पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने ।
- पोषिलो खानेकुरा खाने साथै अरू बालबालिकालाई पनि खान र अभिभावकलाई दिन प्रेरित गर्ने।
- बालविवाह, बालयौन दुर्व्यवहार तथा बालश्रमको बारेमा थाहा पाएसम्मका घटनाबारे सम्बन्धित निकायमा जानकारी दिने।
- विद्यालय र समुदायस्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरूमा सहभागिता जनाई निर्धक्क रूपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने ।
- अपरिचित व्यक्तिको ललाइफकाइ र प्रलोभनमा नफस्ने तथा आवश्यक परेको खण्डमा अभिभावकसँग अनुमति लिएर मात्र बाहिर निस्कने।
- शौचालयमा दिसापिसाब गर्नुका साथै साबुनपानीले हात धुने बानी बसाल्ने।
- जन्मदर्ता नभएका र खोप नलगाएका बालबालिकालाई सम्बन्धित सेवा लिन अनुरोध गर्ने ।
- विपन्न र अपाङ्गता भएका बालबालिकासँग हातेमालो गर्दै असल व्यवहार गर्ने ।

## ३. विद्यालयले पालना गर्नुपर्ने संस्थागत आचारसंहिता :

- बालबालिकालाई लागूपदार्थ तथा लागूपदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्ने ।
- बालबालिकामाथि गरिने हिंसा, दुर्व्यवहार, शोषण रोक्न व्यवहारमा लागू गर्ने र सामाजिक सचेतना फैलाउने ।
- शिक्षक र विद्यालय व्यवस्थापन समितिको नीतिनियम गम्भीरताका साथ पालना गर्ने ।
- बालबालिकालाई अनिवार्य रूपमा विद्यालयको पहुँचमा ल्याउने तथा विद्यालयमा विद्यार्थीको टिकाउका लागि विशेष पहल गर्ने ।
- बाल क्लबको आवश्यकता र महत्त्वबारे बुझाउने, बाल क्लब गठन र परिचालनमा सहयोग गर्ने ।
- बालबालिकाको विचार र भावनाको कदर गर्दै कुनै पनि प्रतिकूल व्यवहार नगर्ने ।
- बालबालिकासँग सरोकार राख्ने विद्यालयका कार्यक्रममा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्ने ।
- बालबालिकामाझ पूर्ण खोप र सुरक्षित मातृत्वसम्बन्धी चेतना फैलाउने ।
- बालबालिकालाई जाति, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद नगरिने ।
- बालबालिकालाई हिंसा, यातना, दुर्व्यवहार, शोषण जस्ता अमानवीय कार्यबाट बचाउन बाल संरक्षण नीति कडाइका साथ कार्यान्वयनमा ल्याउने ।
- विद्यालय र बालबालिकाको सरसफाईमा विशेष सचेत रहने ।
- विद्यालय भर्ना हुँदा अनिवार्य जन्मदर्ता गर्न, गराउन आग्रह गर्ने ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने ।
- विद्यालय हाताभित्र मद्यपान, धूम्रपान नगर्ने तथा सो सम्बन्धमा सचेतना फैलाउने ।
- अपाङ्गता भएका बालबालिकाहरूको विकास र सहभागितामा विशेष ध्यान दिने ।
- विद्यालयमा रहेका बालबालिका कुनै पनि प्रकारको जोखिममा रहेको थाहा पाए सम्बन्धित निकायमा जानकारी दिने ।

## ४. विद्यालय व्यवस्थापन समितिको आचारसंहिता :

- बालबालिकाको शैक्षिक विकासका निम्ति विद्यालयको अल्पकालीन र दीर्घकालीन उद्देश्यहरू निर्धारण गरी विद्यालय सुधार योजनाको निर्माण तथा कार्यान्वयन गर्ने ।
- समितिको बैठक नियमित रूपमा बस्ने र निर्णय कार्यान्वयन गर्ने, गराउने ।

- नियमित रूपमा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापहरूको अनुगमन, निरीक्षण गर्ने साथै प्रधानाध्यापक तथा शिक्षकहरूलाई आवश्यक सुझाव दिने।
- विद्यालयमा आइपरेका समस्याहरू छलफलद्वारा समाधान गर्ने।
- आवश्यक स्रोत जुटाउने, खर्च व्यवस्थापन गर्ने र लेखापरीक्षण गराई हिसाब पारदर्शी गर्ने।
- गल्तीको सजाय भौतिक रूपमा नगरी सम्झाएर गर्ने, गराउने व्यवस्था गर्ने।
- आवश्यकताअनुसार शिक्षक, अभिभावक, सरकारी तथा गैरसरकारी संस्थाहरू र बाल क्लबसँग अन्तरक्रिया गर्ने।
- विद्यालयको भौतिक समुन्नतिका लागि विशेष पहल गर्ने।
- घरदैलो अभियान सञ्चालन गरी बालबालिकालाई विद्यालय पठाउन अभिभावकलाई अनुरोध गर्ने र विद्यालय जानबाट वञ्चित बालबालिकाका लागि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने।
- आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई सहयोगी संस्थाहरूसँग समन्वय गरी छात्रवृत्तिको व्यवस्था मिलाउने।
- अभिभावकहरूका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने, गराउने।
- बाल क्लब गठन गर्न उत्प्रेरणा गर्दै व्यवस्थापन समितिका बैठक तथा विद्यालयले सञ्चालन गरेका क्रियाकलापहरूमा बालबालिकालाई सहभागी गराउने।
- मादकपदार्थ तथा लागूपदार्थ खाएर विद्यालयमा प्रवेश नगर्ने र विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूमाथि दुर्व्यवहार नगर्ने।
- बेला बेलामा व्यवस्थापन समिति र शिक्षकहरूको संयुक्त बैठकको व्यवस्था गर्ने।
- विद्यालयलाई बालमैत्री र भयरहित सिकाइको वातावरण बनाउन पहल गर्ने र शिक्षकशिक्षिकालाई तालिममा भाग लिन उत्प्रेरित गर्ने।
- विद्यालयको गुणात्मक शैक्षिक विकास तथा तहगत स्तरोन्नतिका लागि पहल गर्ने।
- रिक्त दरबन्दीमा दक्ष, अनुभवी तथा उच्च शैक्षिक योग्यता भएका शिक्षक पदस्थापनाका लागि पहल गर्ने।
- विद्यालयमा राजनैतिक, धार्मिक, साम्प्रदायिक वा कुनै किसिमको प्रभावलाई अन्त्य गरी विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकसित गराउने।
- विद्यालयको शैक्षिक गतिविधिमा स्तरोन्नतिका लागि अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा सरोकारवालाहरूबाट प्राप्त सुझाव र सल्लाह लिएर कदम चाल्ने।

**५. निजी क्षेत्रको आचारसंहिता :**

- बालबालिकालाई सुर्तीजन्य, नसालु र मादकपदार्थजन्य सामग्री बिक्री वितरण नगर्ने ।
- बालबालिकालाई कुनै प्रकारको श्रमजन्य कार्यमा संलग्न नगर्ने, नगराउने ।
- बालबालिकामाथि हानी हुने कुनै पनि प्रकारको कार्य नगर्ने ।

**६. राजनीतिक दल तथा गैरसरकारी क्षेत्रको आचारसंहिता :**

- बालबालिकासम्बन्धी कार्यक्रमहरूमा बालबालिकाको सहभागितालाई महत्त्व दिने ।
- बालबालिकालाई कुनै पनि प्रकारका जुलुसमा संलग्न नगराइने ।
- बालबालिकासम्बन्धी कार्यक्रमहरूलाई नगरपालिकाको एकद्वार प्रणालीमार्फत सञ्चालन गर्ने ।
- बालबालिकालाई कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नगर्ने, नगराउने ।

**७. नगरपालिकाको संस्थागत आचारसंहिता :**

- बालबालिकालाई लागूपदार्थ तथा लागूपदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्दै बालबालिकालाई सुर्तीजन्य, मदिराजन्य तथा लागुपदार्थजन्य सामग्रीबाट टाढा राख्न विशेष नीतिगत व्यवस्था गरी कडाइका साथ कार्यान्वयनमा ल्याउने ।
- बालबालिकामाथि गरिने हिंसा, दुर्व्यवहार तथा शोषण रोक्न व्यावहारिक प्रयोग गर्ने र सो को लागि सचेतना फैलाउने ।
- विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने र अन्यलाई जीवनोपयोगी र व्यावसायिक सीप सिकाइने व्यवस्था गर्ने ।
- बाल क्लबको आवश्यकता र महत्त्वबारे बुझाउने, बाल क्लब गठन र परिचालनमा सहयोग गर्ने ।
- बालबालिकाको विचार र भावनाको कदर गर्दै कुनै पनि प्रतिकूल व्यवहार नगर्ने ।
- बालबालिकाको लागि बजेट तर्जुमा गर्दा र प्रत्यक्ष सरोकार राख्ने विषयका योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनका चरणहरूमा अर्थपूर्ण बाल सहभागिताको सुनिश्चितता गर्ने ।
- बाल स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी जनचेतना फैलाउने ।
- बालश्रम निषेध र नियमित गर्न बनेको ऐन, कानून कडाइका साथ कार्यान्वयनमा ल्याउने ।
- बालबालिकालाई कुनै पनि प्रकारले विभेद नगरिने ।
- बालविवाहलाई पूर्ण रूपमा निषेध गरिने र बालविवाहलाई सामाजिक बहिष्कार गरिने ।

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

- बालबालिकाको संरक्षणको विषयलाई कार्यान्वयन गर्न बालसंरक्षण नीति तर्जुमा गरी कडाइका साथ कार्यान्वयनमा ल्याउने ।
- जन्मदर्तालाई शतप्रतिशत बनाउने र यस कार्यलाई निरन्तरता दिने ।
- सरसफाईसँग सम्बन्धित कार्यक्रमहरूलाई प्रभावकारी बनाउने ।
- बालबालिकासँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणलाई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउने ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचनाहरू जस्तै बाटो, खेल मैदान, पार्क, सार्वजनिक धारा, सामुदायिक भवनहरू आदि निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र बाल सुरक्षाको दृष्टिले सुरक्षित हुने गरी उपयुक्त व्यवस्था गर्ने ।

**आज्ञाले,**
**गणेश राज कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र